स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'रमिताको पिरती' लाई तत्कालको लागि प्रदर्शनको लागि बाटो खुलेको छ। पाटन उच्च अदालतले यसमाथि दायर मुद्दामा सुनुवाइ गर्दै तत्काल अन्तरिम आदेश दिनु नपर्ने ठहर गरेको छ। केन्द्रीय चलचित्र जाँच समितिबाट जाँच भैसकेकाले तत्काल अन्तरिम आदेश जारी गर्नु नपर्ने अदालतको ठहर छ। सोमबार निवेदनकर्ताका तर्फबाट अधिवक्ताद्वय सृष्टि भ र लक्ष्मी तामाङले बहस गरेका थिए।

आजको विचार...



सुशासन...
(दुई पेजमा)

चन्द्रप्रसाद ढकाल



पर्यटकीय नगरी इलाममा नयाँ फिल्म हल खुलेको छ। धरान र बुटवलपछि 'फ्रेन्ड्स सिनेमा"ले इलाममा आफ्नो तेस्रो शाखा सञ्चालनमा ल्याएको हो । इलाम नगरपालिका-७ स्थित उक्त हल अभिनेता पल शाह, अभिनेत्री उषा उप्रेतीले शुक्रबार एक कार्यक्रमका गरे। करिब ३ करोड ५० लाख रुपैयाँको लगानीमा निर्माण गरिएको हलमा १८८ सिट क्षमता रहेको छ। नगरपालिकाको बहुतले पार्किङ भवनमा सञ्चालनमा आएको यस सिनेमा हलमा विश्वस्तरीय प्रविधि प्रयोग गरिएको छ।

❑ वर्ष ३१ ❑ अंक २०९ ❑ २०८२ फागुन १४ गते बिहीबार 26 February 2025, Thursday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## नेपाली काँग्रेस पाल्पाको चुनावी संकल्प

# पाँच वर्षमा पाल्पाको मुहार फेर्ने

**कृष्ण पोखरेल /रामचन्द्र रायमाझी**

**पाल्पा,** फागुन १३/ नेपाली काँग्रेस पाल्पाले विद्यमान राजनीतिक तथा सामाजिक चुनौतीलाई सम्बोधन गर्दै आगामी पाँच वर्षलाई पाल्पाको विकास र समृद्धिको अवधि बनाउने घोषणा गरेको छ । उसले विगतबाट प्रेरणा लिँदै र नयाँ पुस्ताको आवाजलाई आत्मसात गर्दै पार्टीले गुणस्तरीय शिक्षा, भ्रष्टाचार नियन्त्रण, स्वास्थ्य (जीवन बीमाको सुदृढीकरण, पर्यटन कला संस्कृति: सम्पदा संरक्षणको आधार पर्यटन विकास र स्वरोजगार, कृषि( जीवन विकासको आधार समृद्धिको पूर्वधार, भौतिक पूर्वधार, लक्षित वर्गलाई मुख्य एजेन्डा बनाएको छ ।

बुधबार नेपाली काँग्रेसले तानसेनमा पत्रकार सम्मेलन गरी चुनावी संकल्प स्वरुप घोषणा पत्र सार्वजनिक गरेको हो । काँग्रेस पाल्पा क्षेत्र नं. २ का उम्मेदवार हिमालदत्त श्रेष्ठले आगामी पाँच वर्षलाई पाल्पाको विकास र समृद्धिको दिशामा रूपान्तरण गरी मुहार फेर्ने उद्‌घोष गरेका छन् । घोषणा पत्र सार्वजनिक गर्दै उनले कांग्रेस पुरानो इतिहासको जगमा उभिएको भए



पनि नयाँ सोच र संकल्पका साथ अघि बढेको बताएका छन् । उनले २००७, २०१५, २०३६ र २०४६ का आन्दोलनबाट प्रेरणा लिने गरेको उल्लेख गर्दै आजका कमजोरी स्वीकार्दै नयाँ पुस्ताको आवाज सुनेर पार्टी बदल्न तयार रहेको बताएका छन् । भ्रष्टाचारलाई नेपालको 'महारोग'को संज्ञा दिँदै थापाले यसको अन्त्य माथिबाटै शुरू हुनुपर्नेमा जोड दिएका छन् ।

काँग्रेसले शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधारमा महत्वपूर्ण योजना अगाडि सारेको छ । त्रिभुवन वहुमुखी क्याम्पस र रामपुर क्याम्पसको थप स्तरोन्नति गरी पर्यटन विश्वविद्यालय, प्राविधिक विश्वविद्यालय बनाउन सम्भाव्यताको अध्ययन गरिने, शिक्षा ऐन तत्काल जारी गर्न विशेष पहल गरिने, शिक्षालाई सूचना तथा सञ्चार प्रविधि मैत्री बनाई व्यावसायिक र जीवन उपयोगी शिक्षा दिने वातावरणको विकास गरिने,पालिकामा कम्तीमा एक आवासीय नमुना विद्यालय बनाइने, गुरुकुल शिक्षा, मदरसालाई स्तरोन्नती गरी पढ्दै कमाउँदै गर्ने कार्यक्रमलाई प्रोत्साहन गरिने,स्थानीय पाठ्यक्रममा पर्यटन विषयलाई समावेश गरिने, स्वास्थ्य ( जीवन बीमा राष्ट्रिय गौरवको आयोजनाका रुपमा अगाडि बढाउन पहल गर्ने,पाल्पा अस्पताललाई १०० सैया र रामपुर अस्पताललाई टूमा सेन्टरको रुपमा विकसित गरिने, हरेक पालिकामा कम्तीमा १५ सैयाको अस्पताल सुरुवात गरी नि:शुल्क उपचारको व्यवस्था गरिने, बीमामा रेफरको झन्झटिलो प्रक्रिया हटाई जस्तोसुकै रोगको नि:शुल्क उपचारको व्यवस्था गर्ने, गर्भावती, अपाङ्ता, मृगौला रोगी, मुटु क्यान्सर लगायतका गम्भीर प्रक्तिको विरामीको लागि आर्थिक सहयोगको साथै नि:शुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने, तानसेनमा रहेको डाइलोसिस सेवालाई विस्तार गर्ने, रामपुरमा पनि सो सेवा उपलब्ध गराउने घोषणा पत्रमा उल्लेख छ ।

यस्तै काँग्रेसले आन्तरिक तथा वाह्य पर्यटकको नजरमा पूर्व र पश्चिम पाल्पालाई हिल स्टेसनको रुपमा विकसित गरी पाल्पालाई पर्यटन हब बनाउन तत्कालीन र दीर्घकालीन योजना तर्जुमा गरी कार्यान्वय गराउन जोड दिने, रानीमहल क्षेत्रलाई जलाशययुक्त रानीताल र तालपोखरालाई समेत जलाशययुक्त ताल बनाई पाल्पाको गौरवको आयोजना बनाउन जोड दिने,रिडी, उत्तरवाहिनी, रानीमहल, राम्दी, केलादीघाट कालीगण्डकी क्षेत्रमा जलपरिवहनको सम्भाव्यताको अध्ययन गर्ने, भगवती जात्रालाई राष्टिूय पर्व, गाईजात्रा, रोपाई जात्रा, भैरव जात्रा, नारायण जात्रा, वाघ जात्रा, लाखे, घाटु, वालन, ठूलोनाच, कौडा नाच जस्ता संस्कृत्ति तथा लोपोमुख बाजाहरुको संरक्षण गरिने,दरबार संग्रहालय आदिवासी जनजाति संग्रहालय, कुमाल, बोटे, दलितहरुको लागि एउटा छुट्टै ठाउँमा मिलाएर संग्रहालय व्यवस्थापन गर्ने,श्रीनगर, रानीमहल, सत्यवतीताल, रम्भापानी, रामकुवा, सीताकुण्ड, सिद्धगुफा, रिभिधा लेक, कौडेलेक, सुकेताल, चमेरी गुफा, हात्तिलेक, जन्तिलुङ, काउले डाँडा, लेकडाँडा, ढोलीमारा, रानीवास, तातोपानी लगायतका स्थलहरु पर्यटकीय आकर्षण केन्द्र बनाइने,बाँदर र जगली जीवजन्तुको विषयमा नयाँ कानून निर्माण गरी जसरी भएपनि आतंक वन्द गरिने,सिद्धार्थ राजमार्ग इवल डेडिकेट योजना, कालिगण्डकी रापमुर ( बेलडाुडा ढुङ्गानावेसी,पित्याल अणखोला, रामपुर, वेलडाँडा, बाँसटारी, रहवास, अरुणखोला, दोभानक मस्थान ठिमरे कमखोला, हार्थोक छहरा सालझण्डी सुगुरे, ढुङ्गना छहरा सिद्धेश्वर मनभाग तानसे रानीमहल हार्थोक देउराली ख्याहा सोमादी लगायत सबै भित्री सडकहरुको मर्मत सुधार स्तरोन्नति गरी सम्भव भएसम्म बाह्रै महिना सडक संचालन गर्न सक्ने योजना बनाउने घोषणापत्रमा उल्लेख छ ।

कार्यक्रममा नेपाली काग्रेसका केन्द्रिय सदस्य राजेन्द्र गोपाल सिंहले युवा नेता गगन थापाको नेतृत्वमा बदलिएको काग्रेसलाई देश बदल्न काँग्रेसका उम्मेदवार जिताउन रुखमा मतदान गर्न मतदातासंग अपिल गरे । पुर्व केन्द्रिय सदस्य हरि प्रसाद नेपालले २०४८ सालमा काग्रेसले पाल्पाका ३ वटै निर्वाचन क्षेत्रमा विजय हासिल गरी शुरु गरेका थुप्रै विकास निर्माण योजना अहिले सम्म अन्य पार्टीले कार्यान्वयन नगरेकोले काँग्रेस उम्मेदवारहरुलाई मत दिई विजयी बनाउन अनुरोध गरे ।

(... **बाँकी अन्तिम पेजमा**)

## संक्षिप्त समाचार

### जेट दुर्घटना हुदाँ पाइलटको मृत्यु

(रासस/एएफपी)

**इस्तानबुल,** फागुन १३/टर्कीमा लडाकू जेट विमान ( एफ-१६) बुधबार उडान भरेको केही समय पछि दुर्घटनाग्रस्त हुँदामा पाइलटको मृत्यु भएको मिडियाले रक्षा मन्त्रालयलाई उद्धृत गर्दै रिपोर्ट गरेको छ । बालिकेसिरबाट उडान भरेको विमानको साथ रेडियो र ट्र्याकिंग जानकारी प्रस्थानको लगत्तै हराएको मन्त्रालयले जनाएको छ । खोजी र उद्धार अभियान मार्फत भग्नावशेष फेला पारी पाइलटले ज्यान गुमाएको उल्लेख गर्दै दुर्घटनाको कारण दुर्घटना परीक्षण टोलीले अनुसन्धान गरेपछि निर्धारण हुनेछ, मन्त्रालयले जनाएको छ । यस अघि गत नोभेम्बरमा, अजरबैजानबाट फर्कने क्रममा छिमेकी जर्जियामा एउटा दुर्घटना भए पछि टर्कीले सी-१३० कार्गो विमानको उडान स्थगित गरेको थियो, जसमा सवार सबै २० जनाको मृत्यु भएको थियो । अमेरिकी कम्पनी लकहिड मार्टिनद्वारा निर्मित एफ-१६ विमानहरू पछिल्लो समयमा दुर्घटनाग्रस्त भएका छन् । जनवरीमा ताइवानको एफ-१६ नियमित मिसनको क्रममा समुद्रमा दुर्घटनाग्रस्त भएको थियो । पोल्यान्डमा अगस्टमा एयर सोको रिहर्सल गर्दा एफ-१६ दुर्घटनाग्रस्त हुदाँ पनि पाइलटको मृत्यु भएको जनाइएको छ ।

**निर्वाचनको समयमा कर्मचारीले पालना गर्नुपर्ने आचरण**

-कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै कार्य गर्नु/गराउनु, प्रचारप्रसारमा संलग्न हुनु वा प्रचारप्रसार गर्नु हुँदैन ।

-कुनै राजनीतिक दल वा उम्मेदवारलाई कार्यालय वा आफ्नो भवन, सवारी साधन वा अन्य सामग्री प्रयोग गर्न दिनु हुँदैन ।

-निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने विषयमा कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टिलिजेन्स-एआई) को प्रयोग गरी वा नगरी सामाजिक सञ्जालमा पोष्ट, रिपोष्ट, शेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सनलगायतका कार्य गर्नु/गराउनु हुँदैन ।

-निर्वाचन प्रयोजनका लागि सम्प्रेषण गर्नुपर्ने सूचनाबाहेक अन्य कुनै प्रकारका आफूलाई प्राप्त जानकारी कुनै राजनीतिक दल वा उम्मेदवार वा अनधिकृत व्यक्तिलाई दिनु हुँदैन ।


नेपाल सरकार

**विज्ञापन बोर्ड**

# ट्र्याक खुलेको २६ वर्षपछि सडक कालोपत्र

**ढोरपाटन (बागलुङ),** फागुन १३/ 'ट्र्याक' खुलेको २६ वर्षपछि ग्रामीण सडक कालोपत्र भएपछि स्थानीय खुसी भएका छन् । जिल्ला सदरमुकामसँग जोडिएको मूलपानी-तितौरे, ओडारचौर-ढोडेनी र गणेशघुम्ती-निरयघाट सडक कालोपत्र भएको हो । सडक कालोपत्र भएपछि यात्रा र सामान ढुवानी गर्न सहज भएको छ ।

सहरी शासकीय तथा पूर्वाधार विकास कार्यक्रममार्फत मूलपानी-तितौरे सडकको ८.५ किलोमिटर, ओडारचौर-ढोडेनीसम्मको २.५ किमी र गणेशघुम्ती-निरयघाटअन्तर्गत १.५ किमी गरी १२.२ किमी सडक कालोपत्र गरिएको छ । विश्व बैंकको रु ४८ करोड अनुदानमा सडक निर्माण गरेको बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठले जानकारी दिए । सडकले ग्रामीण जनतालाई यात्रा गर्न र स्थानीय उत्पादनको बजारीकरण गर्न सहज भएको उनको भनाइ छ । बागलुङ नगरपालिकाका तीनवटा वडामा पर्ने उक्त सडकले नागरिकको जीवनस्तर परिवर्तन ल्याउनने प्रमुख श्रेष्ठ बताउन्छन् । उनले भने, "ट्र्याक खुलेको धेरै समय भएको थियो, तर अहिलेसम्म कालोपत्र नहुँदा गाउँमा धुलोले स्थानीय आजित थिए, यात्रा र सामान ढुवानीमा पनि उस्तै समस्या थियो, अब कालोपत्र सडकले उनीहरूको यात्रामात्र होइन दैनिकी नै सहज बनाउने अपेक्षा लिएका छौँ ।" तीन सडकले बागलुङ



नगरपालिका-१, ४ र ७ वडा जोडेको छ । सडक कालोपत्र भएपछि धुलो र हिलोबाट मुक्त भएको स्थानीय तुलसी सापकोटाले बताए । केही महिना अगाडिसम्म घर अगाडि गाडी गुड्दा धुलो र हिलो भान्छा कोठामै पुग्ने गरेको भन्दै अहिले कालोपत्र गरेको चिटिक्क बनेको उनको भनाइ छ । अर्का स्थानीय प्रेम विकले अब बागलुङ बजार आवातजावात गर्न निकै सहज हुने बताए । पहिले अप्ठ्यारो र साँघुरो हुँदा साढे एक घण्टा लाग्ने गरेको भन्दै अब २५-३० मिनेटमै बजार झर्न सकिने उनको भनाइ छ । *-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

## सम्पादकीय

# सबै उम्मेदवारले खाता खोल

चुनाव प्रचार–प्रसारका क्रममा हुने आम्दानी खर्चलाई पारदर्शी बनाउनका लागि निर्वाचन आयोगले उम्मेदवारका लागि बैंक खाता खोल्न अनिवार्य गरेको छ । तर अधिकांश उम्मेदवारले अहिलेसम्म खाता खोल्न वास्ता गरेका छैनन् । वास्तवमा निर्वाचनलाई स्वच्छ, निष्पक्ष र मितव्ययी बनाउन आयोगले चालेको कदम सकारात्मक रहेको छ । विगतमा निर्वाचनमा पैसाको खेल बढी हुने र पैसाकै बलमा निर्वाचन जित्नेसम्मका काम भएको आरोप लाग्दै आएको थियो । यस्ता आरोपलाई निस्तेज गर्न यस्तो कदमले राम्रै हुन्छ ।

आयोगको निर्देशनअनुसार उम्मेदवारहरूले निर्वाचन प्रयोजनका लागि २५ हजार रुपैयाँभन्दा बढी आर्थिक सहयोग प्राप्त गर्दा वा खर्च गर्दा बैंक वा वित्तीय संस्थामा खोलेको छुट्टै खाताबाट कारोबार गर्नुपर्ने हुन्छ । देशको भूगोलअनुसार उम्मेदवारले २५ लाखदेखि ३३ लाख रुपैयाँसम्म खर्च गर्न पाउने व्यवस्था आयोगले गरेको छ । यस्तै आयोगले आदेश दिए खर्चको बिल भरपाई तथा बैंक वा वित्तीय संस्थामा रहेको खाताको विवरण तथा सक्कल बिल भरपाई तथा बैंक वा वित्तीय संस्थाको खाताको विवरण पेस गर्नुपर्नेछ ।

आयोगले यो विषयलाई निर्वाचन आचारसंहितामै समेटेको छ । तर, उम्मेदवारहरूमध्ये केहीले मात्र बैंक खाता खोलेका छन् । सुशासनको नारा लिएर निर्वाचनमा होमिएका दल र तिनका उम्मेदवारले बैंक खातासम्म नखोल्नुलाई उनीहरू सुशासनप्रति प्रतिबद्ध नरहेको संकेत गरेको छ । कतिपय उम्मेदवारले अहिले निर्वाचनमा होमिएको र भूगोलका कारण बैंक खाता खोल्न ढिलाइ भएको भनेका छन् । कतिपय उम्मेदवारको राष्ट्रिय परिचयपत्र नभएका कारण खाता खोल्न नसकेको जानकारी दिएका छन् । यी सबै बहाना मात्र हुन् । साच्चिकै स्वच्छ छवि भएकाले निष्पक्ष ढंगले निर्वाचनमा जाने हो भने उम्मेदवारहरुले समयकै आफ्नो बैंक खाता सञ्चालनमा ल्याएर आयोगले तोके बमोजिमको खर्च गर्ने दिशामा ध्यान दिन जरुरी छ ।

### Opinion @ Social Network

सहन सिकेपछि मात्र थाहा हुन्छ,
चुप लाग्नु पनि कति ठूलो आवाज हो भनेर ।
*(एलिषा आलेको फेसबुक स्टाटसबाट www.facebook.com/Alisha.Ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सुशासन र स्वनियमनविना जोगिँदैन सहकारी



**चन्द्रप्रसाद ढकाल**

समुदायको सङ्कट व्यवस्थापनको औजारको रूपमा २०१३ सालमा स्थापना भएको सहकारी सङ्ख्यात्मक रूपमा २०८२ असारसम्म ३२ हजार ९६५ पुगेको छ । नेपालको वित्तीय समावेशीकरण, ग्रामीण विकास र सामुदायिक सशक्तीकरणमा सहकारीले खेलेको भूमिका अत्यन्त महत्त्वपूर्ण छ। सहकारी सै/संस्थामा कुल सेयर पुँजी रु. १ खर्ब ४३ अर्ब रहेको छ भने बचत परिचालन ११ खर्ब २५ अर्ब पुगेको छ । त्यस्तै ऋण परिचालन ९ खर्ब २३ अर्ब रहेको छ । औपचारिक बैंकिङ प्रणालीको पहुँच सीमित रहेको अवस्थामा सहकारीहरूले जनताको स-साना बचतलाई सङ्गठित गरी सदस्यहरूको बीच लगानी गर्न सहयोग गरेका छन्। सहकारी अभियान केवल आर्थिक गतिविधि मात्र नभई सामाजिक न्याय, सहभागिता, आत्मनिर्भरता र लोकतान्त्रिक अभ्यासको एक जीवन्त अभ्यास पनि हो । त्यसैले सहकारी नेपाली अर्थव्यवस्थाको महत्त्वपूर्ण आधार बन्न पुगेको छ ।

**नेपालमा सहकारीको अवधारणा**

नेपालमा सहकारी अभियान स्थापनाकालमा कृषि र उपभोक्ता सहकारीहरूमा केन्द्रित भए पनि समयक्रममा बचत तथा ऋण सहकारीहरू तीव्र गतिमा विस्तार भएर गएको पाइन्छ । सामाजिक तथा राजनीतिक विकासका आधारले सहकारीहरूको विकासमा पनि असर गरेको पाइन्छ । सहकारीका सन्दर्भमा विकासका चरणहरूलाई चार चरणमा लिन सकिन्छ प्रारम्भिक चरण: २०१७ सम्म यस चरणमा सहकारी स्थापना पनि भयो तर उल्लेख्य विकास भएको थिएन। सहकारी ऐन २०१६ आयो तर कार्यान्वयन हुन पाएन। राज्यको पहिलो आर्थिक योजनामा सहकारी परे पनि कार्यान्वयन हुन पाएन, तर २०१० मा सहकारी विभाग स्थापना भयो र सहकारी स्थापना र विकासको बीउ रोपियो । दोस्रो चरण (२०१७ देखि २०४८): यो राज्य नियन्त्रित चरण हो। यस चरणमा सरकारसमेत सहभागी साझा सहकारी राज्य नियन्त्रित संयन्त्रको रूपमा विकास भयो । सीमित स्वायत्तता प्राप्त भए पनि राज्यको नीतिमा निर्भर भएका कारण समुदाय स्तरमा राम्रो विकास हुन नसके पनि सहकारीको विकासमा प्रारम्भिक चरणभन्दा सङ्ख्यात्मक विकास भएको थियो। उदारीकरण चरण: सहकारी ऐन २०४८ पछि सहकारीको सङ्ख्यात्मक विकास मात्र भएर समुदाय स्तरमा जनसङ्गठनको रूपमा विकास भयो। राज्यले लिएको उदार अर्थव्यवस्थामा सहकारीहरूको सङ्ख्या, आकार र पहुँच विस्तार भयो। राज्यका योजनाहरूमा सहकारी प्राथमिकतामा परेको हो । दुविधाको चरण: २०७२ सालको संविधानपछि सहकारी दुविधाको चरणमा प्रवेश गरेको हो। तीव्र रूपमा सहकारीहरूको सङ्ख्यात्मक विकास भएको, करको दर बढेको, सुपरिवेक्षणमा तीन तहको सरकारको जिम्मेवारीले दुविधा भयो। सहकारी ऐन २०७४ आयो तर सहकारी क्षेत्रले खोजेको विकास हुन सकेन। कागजमा सबै कुरा भएर पनि व्यवहारमा केही नपाएको चरणको रूपमा यो अवधिमा सहकारी क्षेत्र विकास भयो । आज नेपालमा हजारौँ बचत तथा ऋण सहकारी संस्था छन् जसले लाखौँ सदस्यलाई सेवा दिइरहेका छन् तर सङ्ख्या बढेसँगै गुणस्तर र सुशासनमा प्रश्न उठ्नु स्वाभाविक भएको भाष्य विकास भएको छ । सहकारीको छवि कमजोर भएको हो कि भन्ने भान भएको छ तर समुदाय स्तरमा भूमिका कमजोर भएको छैन, निरन्तर बढिरहेको छ । कारोबार र पहुँच निरन्तर बढेको छ । वित्तीय क्षेत्रमा विकास भएका प्रविधिहरूको कारण सहकारी रूपान्तरणको चरण कुरेर बसेको पाइन्छ । नेपालको सहकारी आन्दोलनले वित्तीय समावेशिता, स्थानीय विकास र नागरिक सशक्तीकरणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। तर पछिल्ला वर्षहरूमा केही सहकारी संस्थामा देखिएका वित्तीय अनियमितता, कमजोर सुशासन, जोखिम व्यवस्थापनको अभाव र नियमन कमजोरीका कारण सहकारी क्षेत्रप्रति जनविश्वासमा ह्रास आएको छ। यस्तो अवस्थामा “सुदूर क्षितिजको सुरक्षित सहकारी अभियान” लक्ष्यसहित सुरक्षित, पारदर्शी र उत्तरदायी सहकारी प्रणाली निर्माण गर्नुपर्नेछ । सुदूर क्षितिजको सुरक्षित सहकारी अभियान भन्नाले तत्काल समस्या समाधान मात्र होइन, भविष्यमा आउने जोखिमहरूलाई समेत पूर्वानुमान गरी सहकारी प्रणालीलाई सबल, अनुशासित र विश्वसनीय बनाउने दीर्घकालीन कार्यप्रणालीलाई जनाउँछ। यस अभियानको केन्द्रबिन्दुमा सदस्यको बचत सुरक्षा, संस्थागत स्थायित्व र प्रणालीगत जोखिम न्यूनीकरण रहेको हुनेछ । सरकार र अभियानको सहयात्रा भएको हुनेछ । सहकारी अभियानको आफ्नै सुरक्षित प्राविधिक प्रणाली विकास गरिएको हुनेछ । सहकारी बन्द हुने दर शून्य भएको हुनेछ । सुरक्षित, पारदर्शी, सुशासित र सदस्य-केन्द्रित सहकारी प्रणाली निर्माण भएको हुनेछ । सरकार नियन्त्रणमुखी भन्दा सहजकर्ताको रूपमा सहयोगी सहयात्री हुनेछ । अभियान स्वनियमनमा आधारित नै हुनेछ । सदस्यको बचत र लगानीको पूर्ण सुरक्षा भएको हुनेछ । सहकारी संस्थाको वित्तीय स्थायित्व उच्च स्तरको हुनेछ । सहकारी वित्तीय क्षेत्र परम्परागत बैंकिङभन्दा बृहत् र समुदायमा आधारित हुनेछ। सहकारी क्षेत्रको प्रविधि र जनशक्ति नमुनायोग्य हुनेछ । सहकारी क्षेत्रमा दीर्घकालीन जनविश्वास कायम भई प्रणालीगत जोखिमबाट सहकारी क्षेत्रको संरक्षण भएको हुनेछ । जोखिम व्यवस्थापनका लागि अभियान सक्षम भएको हुनेछ । सदस्यहरूलाई सेवा र प्रतिफल दर बजारभन्दा उत्कृष्ट हुनेछ । शून्य आपराधिक घटना हुने क्षेत्रको रूपमा वित्तीय सहकारीहरूको विकास भएको हुनेछ । उत्पादनमूलक ऋण र उद्यमशीलता सिक्ने थलोको रूपमा अभियान विकास भइसकेको हुनेछ । पुँजीबजार, बिमा र सरकारी ऋणपत्रहरूमा सहकारीको योगदानको दर वृद्धि भएको हुनेछ । सबै बचत तथा ऋण सहकारीहरू सञ्जालिकृत भई सेवा प्रवाह गर्न सक्षम हुनेछन् । बचत तथा ऋण सहकारीहरूको लागि अलग्गै विशेष ऐन कार्यान्वयन भएको हुनेछ । सुशासन तथा प्रभावकारी नेतृत्व नै सहकारी क्षेत्रको दिगोपन र विश्वासको स्तर बढाउने माध्यम हो । सुशासनविना अरू सबै कोरा कल्पना हो । सहकारीमा सुशासन कमजोर भएको छ । यो निर्माणको लागि समयको माग हुन्छ । रातारात सुशासन कायम गर्न सकिँदैन । सुशासनका लागि नेतृत्वको प्रतिबद्धता आवश्यक हुन्छ । प्रभावकारी नेतृत्वविना सुशासन सम्भव छैन । सहकारी संस्कृति भएको नेतृत्व विकास नगरी दिगो सुशासन कायम हुन सक्दैन । सदस्य हितमा खुसी हुने नेतृत्वविना पनि सुशासनको जग बलियो बन्दैन । सहकारीमा व्यक्तिगत, आन्तरिक र बाह्य सुशासन कायम गर्न आवश्यक छ । नेतृत्व र सुशासन भनिने वा लेखिने विषय होइन, अभियानले अनुभूतिको विषय हो । सहकारीका लागि नेतृत्व गर्नेहरूको आवश्यकता छ । वित्तीय अनुशासन र जोखिम व्यवस्थापन नै बचत तथा ऋण सहकारी हो । आज केही संस्थाहरूमा समस्या भएको पनि निश्चित हो । त्यसको व्यवस्थापनका लागि यो भन्दा उच्च स्तरको सदाचार आवश्यक छ । अभियान नाफामा होइन, सेवामा परिमार्जन हुन आवश्यक छ । सहकारिताविनाको कारोबार र बजारमुखी व्यवस्थापनले मात्र सहकारीलाई दिगो बनाउँदैन । लाभ, लागत, बाँडफाँटभन्दा माथि उठेर सदस्यहरूको स्रोतको प्रभावकारी परिचालन सुनिश्चित गरिनुपर्दछ । वित्तीय अनुशासन अनुपात वा सूत्रबाट होइन, सदस्य, सञ्चालक तथा सरोकारवालाहरूको प्रतिबद्धताबाट मात्र आउने हुन्छ । तरलता सङ्कट र खराब कर्जाको जोखिम व्यवस्थापनका लागि भरपर्दो प्रणाली विकास नगरी सहकारी संस्थाको दिगोपना सुनिश्चित गर्न कठिन हुन्छ । प्रभावकारी स्वनियमन र नियमन सहकारी सञ्चालनको एउटै रथका दुईवटा पाङ्ग्रा हुन्। स्वनियमन सहकारीको आत्मा हो । आज सहकारी अभियानमा आत्मस्वाभिमान कमजोर बनाइएको छ । सहकारी अभियानको स्वाभिमान नबढेसम्म छवि र छवि नबढेसम्म विश्वास बढाउन सकिँदैन । सबै मिलेर सबै सहकारी संरक्षण गर्न आवश्यक छ । सरकारले सहकारी संरक्षणभन्दा नियमन र सङ्कुचनको बाटो लिँदा आजको दिन आएको हो। नियमन आवश्यक खराबी हो। नियमनमा भन्दा स्वनियमन प्रभावकारी हुने विधिहरू नीतिगत रूपमै खोजिनुपर्दछ । स्वनियमन भनेको ‘नो नियमन’ होइन । नियमन गर्दा स्वनियमन नगर्ने भन्ने हुनु हुँदैन । सहकारीको दिगो विकासका लागि स्वनियमनमा आधारित नियमन नै आवश्यक छ । पारदर्शिता र सूचना प्रवाह बचत तथा ऋण सहकारी सञ्चालनको आधार हो । सदस्यहरूमा मात्र सूचना पुगेर हुँदैन, सरोकारवालाहरू पनि सुनिश्चित हुनुपर्दछ । आज सूचनाको युग हो, सबै सदस्यहरूको हात-हातमा सूचना पुग्न आवश्यक छ । सूचनाविना पारदर्शिता कल्पना पनि गर्न कठिन छ । कारोबारको पारदर्शिता सदस्य, सञ्चालक र व्यवस्थापन सबै तहमा हुन आवश्यक हुन्छ । कानुन परिपालना र निर्णयको पारदर्शिताले मात्र सहकारीहरूको वृद्धि र विकास सम्भव छ ।

**सदस्य शिक्षा र सशक्तीकरण**

सहकारीका सदस्य तथा संस्थाहरूमा शिक्षा र सशक्तीकरण बढाउन आवश्यक छ । संस्थागत विकासका लक्ष्यहरू हासिल हुन व्यवस्थापन र सञ्चालकहरूको सशक्तीकरण आवश्यक छ। निरन्तर शिक्षा, सूचना, प्रवर्द्धनका माध्यमबाट सहकारिताको सशक्तीकरण गर्न सकिन्छ । सहकारीको शिक्षा हात-हातमा पाउने व्यवस्था हुनु आवश्यक छ । कानुनी सुधारमार्फत वित्तीय सहकारी ऐन: बचत तथा ऋण सहकारीहरूको सपना हो । व्यावसायिक आकार-क्षेत्र जस्तो भए पनि औपचारिक रूपमा वित्तीय कारोबार गर्न वित्तीय सहकारी ऐन आजको आवश्यकता हो। नियन्त्रित वातावरण ( प्रणालीको आधार, शीर्षस्तरबाटै राम्रो नैतिक आचरण, जिम्मेवारी बाँडफाँट, स्पष्ट सञ्चार र उत्तरदायित्व सुनिश्चित), जोखिम मूल्याङ्कन (आन्तरिक र बाह्य जोखिम पहिचान, विश्लेषण र व्यवस्थापन), नियन्त्रित गतिविधि (व्यवस्थापनले नीतिहरू र प्रक्रियाहरूमार्फत जोखिमहरू कम गर्न आवश्यक नियन्त्रित कार्यहरू डिजाइन र कार्यान्वयन), सूचना र सञ्चार (उचित सूचना उपलब्ध गराई आन्तरिक र बाह्य रूपमा प्रभावकारी सञ्चार सुनिश्चित) र अनुगमन प्रभावकारिता सुनिश्चित हुन आवश्यक छ । बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोष सहभागिता नै जोखिमबाट संरक्षणको आधार हो। अभियानको जगेडा कोषको रूपमा स्थिरीकरण कोषको सुदृढीकरणबाट बचत तथा ऋण सहकारीहरू आबद्ध भएर मात्र सम्भव छ । डिजिटल प्रणाली र एआईको प्रयोग: डिजिटल सेवाहरूको विकास र प्रयोग नै सञ्जाल संरक्षणको मूल आधार हो। प्रविधिमैत्री सहकारिता नै दिगोपनको आधार हो । सहकारी एकीकरण नीति: नीतिमार्फत क्षमता विकास गराउन सकिने अवसर अभियानमा बाँकी रहेको छ । सेवा प्रवाहमा सहकारीहरूबीच प्रतिस्पर्धा कम गर्न र अरू वित्तीय संस्थाहरूको प्रतिस्पर्धा गर्न सक्षम बनाउन एकीकरणलाई अनिवार्य अवयवको रूपमा विकास हुन सम्भव छ । सुदूर क्षितिजको सुरक्षित सहकारी अभियान कुनै एक कार्यक्रम वा नारा मात्र होइन, यो दीर्घकालीन सोच, संरचनागत सुधार र सामूहिक प्रतिबद्धता हो । जब सहकारी संस्था सुरक्षित हुन्छन्, तब मात्र सदस्य सुरक्षित हुन्छन् र सहकारी आन्दोलनले आफ्नो मूल उद्देश्य–आर्थिक न्याय र समावेशी विकास–पूरा गर्न सक्छ ।

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रेटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : अध्ययन अध्यापनप्रति मन लाग्नेछ। रचनात्मक काम गर्ने समय रहेको छ।

**वृष** : मुद्दा मामलाहरू सुल्झिनेछन्।मनमा परोपकार वा धर्मको भावना जागृत हुनेछ।

**मिथुन** : काममा केही बाधा आउन सक्छ। कामलाई लिएर दौडधुप गर्नुपर्ला।

**कर्कट** : महत्वकांक्षाहरू पूरा हुनेछन्। व्यापार विस्तारलाई लिएर योजनाहरू बन्नेछन्।

**सिंह** : कार्यस्थलमा सहकर्मीहरूको साथ पाइनेछ। आर्थिक पक्ष सबल रहनेछ।

**कन्या** : मनपर्दो खानपानको प्रबन्ध मिल्नेछ। धैर्यपूर्वक आफूलाई प्रस्तुत गर्न सकिनेछ

**तुला** : खर्च बढ्न सक्छ। कार्यक्षेत्रमा अरुको भरमा कार्य अधुरो नछोड्नुहोस्।

**वृश्चिक** : समय अनुसार सबै कुरा मिल्दै जानेछ। कुनै कुराले आकस्मिक लाभ हुनेछ।

**धनु** : जोखिम लिनबाट जोगिनुहोस्। प्रेम सम्बन्ध सुमधुर रहनेछ।

**मकर** : अध्यापनमा एकाग्रता बढ्नेछ। कार्यक्रमहरूमा सहभागी हुने अवसर छ।

**कुम्भ** : सामाजिक कार्यक्रमहरूमा अग्रिम भूमिका निभाउनुपर्ला।

**मीन** : प्रतिस्पर्धात्मक क्षेत्रमा अग्रिम स्थान हासिल गर्ने अवसर मिल्नेछ।




समिक्षा

# बालबालिकामाथि अत्याधिक निगरानी र नियन्त्रण किन राम्रो होइन ?

*अभिभावकहरूले आफ्ना छोराछोरीमाथि सधैँ नजर राख्नु राम्रो हुन्छ भन्ने ठान्छन् तर स्वास्थ्य विशेषज्ञ र अनुसन्धानका अनुसार अभिभावकको यो विधिले बालबालिकाको विकासमा बाधा पुर्‍याउन सक्छ । बालबालिकाको जीवनमा अत्यधिक हस्तक्षेप र उनीहरूको हरेक गतिविधि र वार्तालापको निगरानी उनीहरूको विकासका लागि राम्रो मानिँदैन । यसका कारण बालबालिकाको छिटो विकास हुन सक्दैनन् र कहिलेकाहीँ उनीहरूको मानसिक स्वास्थ्यमा समेत नकारात्मक असर पर्न सक्छ । यस प्रकारको अभिभावकत्वका फाइदाहरू पनि छन्, तर यसले हानिहरू पनि निम्त्याउँछ ।*

अभिभावकत्व सजिलो काम होइन। बालबालिकाको राम्रो हेरचाह गर्नेदेखि लिएर उनीहरूलाई हरेक राम्रा-नराम्रा कुरा बुझाउनेसम्म आमाबुवाका लागि गाह्रो काम हो । धेरै पटक बच्चाहरूले जानेर वा नजानेर गलत कदम चाल्छन् र यसले गर्दा धेरै अभिभावकको तनाव बढ्छ। यी सबै कुराहरूबाट बच्नको लागि, धेरै आमाबाबुले दिनको २४ घण्टा आफ्ना छोराछोरीमाथि नजिकबाट निगरानी राख्छन् । उनीहरू खानपानदेखि लिएर बालबालिकाको सुत्ने र ब्युँझनेसम्म सबै कुराको ख्याल राख्छन् । यसो गर्नु राम्रो कुरा हो । तर यसले छोराछोरीमा नराम्रो असर पर्छ भन्ने कुरा धेरै अभिभावकलाई थाहा नहुन सक्छ । बच्चाहरूलाई अत्यधिक निगरानी र नियन्त्रण गर्ने बानीलाई विज्ञहरूले हेलिकप्टर पेरेन्टिङ भनेका छन् । द क्लिभल्याण्ड क्लिनिकले हेलिकप्टर पेरेन्टिङलाई प्राय: ओभरपेरेन्टिङ भनेर व्याख्या गरेको छ । आफ्नो बच्चाको हरेक गतिविधिमा सधैँ नजर राख्ने र उसको वरिपरि घुमिरहने अभिभावकहरू, त्यसलाई हेलिकप्टर पेरेन्टिङ भनिन्छ । अभिभावकहरूले आफ्ना छोराछोरीमाथि सधैँ नजर राख्नु राम्रो हुन्छ भन्ने ठान्छन् तर स्वास्थ्य विशेषज्ञ र अनुसन्धानका अनुसार अभिभावकको यो विधिले बालबालिकाको विकासमा बाधा पुर्‍याउन सक्छ । बालबालिकाको जीवनमा अत्यधिक हस्तक्षेप र उनीहरूको हरेक गतिविधि र वार्तालापको निगरानी उनीहरूको विकासका लागि राम्रो मानिँदैन । यसका कारण बालबालिकाको छिटो विकास हुन सक्दैनन् र कहिलेकाहीँ उनीहरूको मानसिक स्वास्थ्यमा समेत नकारात्मक असर पर्न सक्छ । यस प्रकारको अभिभावकत्वका फाइदाहरू पनि छन्, तर यसले हानिहरू पनि निम्त्याउँछ । हेलिकप्टर पेरेन्टिङका कारण बच्चाले आफैँ चुनौतीहरूको सामना गर्न असक्षम र असहज महसुस गर्छन् । बच्चाहरूले अक्सर गल्ती गर्छन् र तिनीहरूबाट धेरै महत्त्वपूर्ण कुराहरू सिक्छन्, तर अभिभावकत्वको यो विधिमा बच्चाहरूले गल्ती गरेर आफैँ पाठ सिक्न सक्षम हुँदैनन् । उनीहरूलाई गल्ती गर्ने मौका दिइँदैन । हेलिकप्टर पेरेन्टिङका कारण बालबालिकाहरू सामाजिक व्यवहार गर्न सक्दैनन् र मानिसहरूका अगाडि हिचकिचाउँछन् । छोराछोरीले आफ्ना साथीहरूलाई आमाबाबुसँग परिचय गराउन सहज महसुस गर्दैनन् । बच्चाहरू ठुलो हुँदै जाँदा समस्याहरू आफैँ समाधान गर्ने कला सिक्छन्, तर अति अभिभावकत्वले उनीहरूलाई यो महत्त्वपूर्ण कुरा सिक्नबाट रोक्न सक्छ। यस्ता बालबालिका आफ्ना अभिभावकलाई खुलेर केही भन्न सक्दैनन् र भित्रभित्रै निसास्सिएर बस्छन् । यसले उनीहरूको मानसिक स्वास्थ्य बिग्रन्छ । हेलिकप्टर प्यारेन्टिङ बालबालिकाका लागि मात्र होइन अभिभावकका लागि पनि हानिकारक छ । एक अनुसन्धानले हेलिकप्टर पेरेन्टिङले तनाव, चिन्ता र डिप्रेसन निम्त्याउन सक्छ । यस्ता अभिभावकले बालबालिकालाई मानसिक समस्यातर्फ धकेल्न सक्छन् ।

*-रातोपाटी डटकम*

## सामान्य ज्ञान

१. नेपालको क्षेत्रफल कति छ ?
उत्तर: १४७३३५ बर्ग किलोमीटर

२. नेपालको पूर्व-पश्चिम औसत लम्बाइ कति रहेको छ ?
उत्तर: ८८५ कि. मी.

३. नेपाल एसियाको कुन भाग मा अवस्थित छ ?
उत्तर: मध्य भाग

४. नेपालको सिमाना कति डिग्री अक्षांसमा फैलिएको छ ?
उत्तर: ८० डिग्री ०४ मिनेट पुर्वी देशान्तरदेखी ८८ डिग्री १२ मिनेट पुर्वी देशान्तरसम्म

५. काजकिस्तानले आफ्नो देशको राजधानीको नाम परिवर्तन गरी के नामाकरण गरेको छ ?
उत्तर: नुर सुल्तान

६. मन्दिरै मन्दिरको सहर भनेर कुन सहरलाई चिनिन्छ ?
उत्तर: काठमान्डौ

७. हाल नेपालमा गरिबीको सङ्ख्या कति प्रतिशत रहेको छ ?
उत्तर: २०.२७ प्रतिशत

८. बाहिर ब्रोक्रो, त्यही भित्र बोसो, त्यही भित्र काठको ठोसो के हो ?
उत्तर: लिची

९. सति प्रथाको अन्त्य कहिले भएको थियो ?
उत्तर: वि.स १९७७

१०. नेपाल समुद्र सतहदेखि कति किलोमिटर टाढा रहेको छ ?
उत्तर: ११२६ किलोमिटर

११. सुपारी विवाह कुन जातिमा प्रचलित छ ?
उत्तर: धिमाल

१२. हाल नेपालमा स्थानिय तह कति रहेको छ ?
उत्तर: ७५३

१३. हाल नेपालमा जातजातीको सङ्ख्या कति रहेको छ ?
उत्तर: १४२ जातजाती

१४. कम्प्युटरका पिता भनेर कसलाई चिनिन्छ ?
उत्तर : चार्ल्स ब्याबेज

१५. नेपालले विश्वको कति प्रतिसत भूभाग ओगटेको छ ?
उत्तर : ०.०३ प्रतिशत

निबन्ध

ज्ञानेन्द्र विवश

# ‘इन्द्रेणी सौन्दर्य’ को सौन्दर्य

*‘इन्द्रेणी सौन्दर्य’ को यस आत्मिक यात्राले मेरो लेखनको सिलसिलालाई कतै स्मृति-दंशमा, कतै इन्द्रेणी सौन्दर्यमा, कतै चाँदनी रातमा अवतरित गराउँछन् । यी निबन्ध लेखिएका होइनन्, बाँचिएका हुन् भन्ने म ठान्छु । यहाँ शब्दहरू सजावटका लागि आएका हैनन्ह ती जीवनले लेखकीय मनमा आरेखन गरेका अनुभवहरूको प्रक्षेपण, मुस्कान र मौनताका साक्षी हुन् । प्रकृति र जीवनका सूक्ष्म तर गहिरा क्षणहरूलाई मैले आत्मीय ढङ्गले शब्दमा उतार्ने कोसिस गरेको छु । यो सङ्ग्रह कुनै एउटा विषयमा सीमित छैन तर जीवनकै वरिपरि घुमिरहन्छ । प्रकृतिसँग आत्मसात् भइरहन्छ । ‘मौनताको सौन्दर्य’ होस् या ‘पराजयको सौन्दर्य’ यहाँ पीडा, हार, मृत्यु र बिछोड पनि सौन्दर्यकै अर्को अनुहार बनेर आएका छन् । यसैले यो कृति पढ्दा पाठकलाई आफ्नै जिन्दगीका दृश्यहरू देखिएजस्तो हुन्छ भन्ने मेरो विश्वास छ । त्यसैले म फेरि भन्छु- ‘इन्द्रेणी सौन्दर्य’ को सौन्दर्य आफैँमा जीवन-दर्शनको ‘दर्पण’ हो । मूलतः यही भावलाई मनन गरी मेरो मनका भावनाहरू ‘इन्द्रेणी सौन्दर्य’ को समग्र कृतिमा अवतरित भएका छन् । यसमा नेपाली निबन्ध साहित्यका अग्रणी व्यक्तित्व तथा वरिष्ठ समालोचक प्रा.डा. माधवप्रसाद पोखेरलको छोटो र सारपूर्ण शुभेच्छा छ । त्यसैगरी वरिष्ठ अग्रज कलाकार विजय थापाको रङ-क्यानभासले निबन्धको समष्टिगत भावलाई आवरण कलामा प्रतिविम्बित गरिदिएको छ ।*

‘इन्द्रेणी सौन्दर्य’ को सौन्दर्य आफैँमा जीवन-दर्शनको ‘दर्पण’ हो । मलाई लाग्छ, कुनै पनि लेखकका निम्ति नयाँ सिर्जनाको जन्म सन्तान प्राप्तिको खुसी जत्तिकै सुखद र सन्तुष्टिको हुन्छ । यही मेसोमा मेरो मन पनि नयाँ कृति प्रकाशनको सुखद अनुभूतिले भावविभोर भएको छ । यही खुसी साभार गर्न अहिले म अक्षरमार्गको माध्यमले शब्दहरूमा रूपान्तरण हुँदैछु । ‘निबन्ध’ मेरा लागि अत्यन्त प्रिय लेखन विधा हो । जीवनलाई अनुभूत गर्ने र सम्प्रेषणको एउटा आत्मीय माध्यम ‘निबन्ध’ हो । जीवनका अनेक मोड, तह, यात्राका पदचाप, सम्बन्धका रङ, प्रकृतिका मौन भाषा र समयले दिएको चेतनालाई मैले निबन्धका हरफहरूमा उतार्ने प्रयास गरेको छु । मेरो पछिल्लो नवीनतम् कृति ‘इन्द्रेणी सौन्दर्य’ त्यही यात्राको दस्तावेज हो । यहाँ अनुभूति ‘शब्द’ बन्छ र शब्दले फेरि जीवनलाई ‘स्पर्श’ गर्छ । ‘इन्द्रेणी सौन्दर्य’ मा समय र समाजका विविध पाटाहरूदेखि व्यक्तिगत र सामूहिक स्मृति, प्रेम र पीडा, खुसी र चिन्ता, सौन्दर्य र पराजय, राष्ट्र र अस्तित्व सबैलाई अनुभूतिका आँखाबाट हेर्ने प्रयत्न गरिएको छ । यहाँ समेटिएका ५७ वटा मौलिक निबन्धहरू कुनै निष्कर्ष थोपर्ने अभिप्रायभन्दा पनि पाठकसँगै सोच्ने, सम्झिने र महसुस गर्ने चाहनाबाट जन्मिएका हुन् । कतै स्मृतिको बिहान, कतै मौनताको सौन्दर्यह कतै शब्दहरूको गोधूलि, कतै जीवनको रहस्यमय चाल ! निबन्ध लेख्दा मैले ठूला दर्शनभन्दा साना अनुभूतिहरूलाई प्राथमिकता दिएको छु किनकि जिन्दगी प्राय: ठूला घोषणाभन्दा साना-साना क्षणहरूले बनेको हुन्छ । निबन्धहरूमा सजिलै भेटिने साधारण क्षणहरूभित्र लुकेको असाधारण अनुभूति खोज्ने प्रयास मेरो हो । ‘इन्द्रेणी सौन्दर्य’ पाठक र लेखकबीचको त्यही संवेदनशील संवाद हो । यहाँ शब्दहरूसँग अनुभूति बोल्छन् । यदि यी निबन्धहरूले पाठकलाई एकछिन रोकिएर आफ्नै जीवनतिर फर्केर हेर्न, सम्झनाका कुनै डोबमा डुबुल्की मार्न या चुपचाप मृदु मुस्कुराउन प्रेरित गरे भने मैले मेरो उद्देश्य पूरा भएको ठान्नेछु ।

‘इन्द्रेणी सौन्दर्य’ को यस आत्मिक यात्राले मेरो लेखनको सिलसिलालाई कतै स्मृति-दंशमा, कतै इन्द्रेणी सौन्दर्यमा, कतै चाँदनी रातमा अवतरित गराउँछन् । यी निबन्ध लेखिएका होइनन्, बाँचिएका हुन् भन्ने म ठान्छु । यहाँ शब्दहरू सजावटका लागि आएका हैनन्ह ती जीवनले लेखकीय मनमा आरेखन गरेका अनुभवहरूको प्रक्षेपण, मुस्कान र मौनताका साक्षी हुन् । प्रकृति र जीवनका सूक्ष्म तर गहिरा क्षणहरूलाई मैले आत्मीय ढङ्गले शब्दमा उतार्ने कोसिस गरेको छु । यो सङ्ग्रह कुनै एउटा विषयमा सीमित छैन तर जीवनकै वरिपरि घुमिरहन्छ । प्रकृतिसँग आत्मसात् भइरहन्छ । ‘मौनताको सौन्दर्य’ होस् या ‘पराजयको सौन्दर्य’ यहाँ पीडा, हार, मृत्यु र बिछोड पनि सौन्दर्यकै अर्को अनुहार बनेर आएका छन् । यसैले यो कृति पढ्दा पाठकलाई आफ्नै जिन्दगीका दृश्यहरू देखिएजस्तो हुन्छ भन्ने मेरो विश्वास छ । त्यसैले म फेरि भन्छु- ‘इन्द्रेणी सौन्दर्य’ को सौन्दर्य आफैँमा जीवन-दर्शनको ‘दर्पण’ हो । मूलत: यही भावलाई मनन गरी मेरो मनका भावनाहरू ‘इन्द्रेणी सौन्दर्य’ को समग्र कृतिमा अवतरित भएका छन् । यसमा नेपाली निबन्ध साहित्यका अग्रणी व्यक्तित्व तथा वरिष्ठ समालोचक प्रा.डा. माधवप्रसाद पोखेरलको छोटो र सारपूर्ण शुभेच्छा छ । जसले मेरो निबन्धको शैलीलाई सूक्ष्म मनले विश्लेषण गरेको छ । जुन मेरा लागि अग्रज सर्जकको शुभाशीर्वाद पनि हो । त्यसैगरी वरिष्ठ अग्रज कलाकार विजय थापाको रङ-क्यानभासले निबन्धको समष्टिगत भावलाई आवरण कलामा प्रतिविम्बित गरिदिएको छ । आवरणमा इन्द्रेणी रङको सौन्दर्यसँगै खुसीको बिहान सुनौलो आभामा मुस्कुराइरहेको छ । त्यहाँ जीवनको उल्लास र उत्साहका साथ आशामय जीवनको शुभारम्भ अभिव्यक्त छ । मेरा समग्र इन्द्रेणी सौन्दर्यमय भावनाको प्रतिनिधित्व आवरण कलामा अवतरित भएका छन् । ‘इन्द्रेणी सौन्दर्य’ खुसीको उत्सव, सम्झनाको उत्सव र आशाको बिहानी हो । यद्यपि यहाँ ‘बिर्सिन नसकिने मान्छे’ छन्, ‘बिर्सेर सम्झेका यादहरू’ छन्, ‘टनकपुरमा दुखेको मन छ’ र ‘यौटा यस्तो कालो दिन’ पनि छ । रातको चकमन्न शून्यता र दिनको कोलाहलमय उपस्थिति जस्तै अनुभूतिका यस्तै भाव-विम्बहरू मेरा निबन्धहरूमा अभिव्यक्त भएका छन् । यी निबन्धहरूले जीवनको सम्पूर्णता स्वीकार गर्छन् जसरी छ, त्यसरी नै ! मेरो लेखक मन पाठकसँगै हिँड्ने, सँगै बस्ने, सँगै जिन्दगीको कुरा गर्ने शैली छ । ‘हतार बिनाका फुर्सद’ र ‘फुर्सदको दिन’ जस्ता निबन्धहरूले आजको भागदौडको जीवनमा एकछिन रोकिन सिकाउँछन् । आफैँतिर फर्किन र एकछिन टक्क रोकिन लगाउँछन् । मलाई लाग्छ- यो सङ्ग्रह पढिसकेपछि निबन्ध भनेको ठूला कुरा सोच्नु र लेख्नु होइन, जीवनलाई संवेदनशील आँखाले हेर्न सक्नु रहेछ भन्ने भाव उत्पन्न हुनुपर्छ भन्ने मेरो लेखक मनको आग्रह सविनय यहाँ निवेदन गर्छु । त्यसैले मेरो यो अभिप्राय पाठकसँगको प्रेमिल संवाद पनि हो । यहाँ पाठक निष्क्रिय हुँदैनह ऊ पनि स्मृतिमा फर्किन्छ, आफ्नै यात्राको समीक्षा गर्छ । जीवनलाई बुझ्ने कोसिस गर्छ । यस कृतिको सबैभन्दा ठूलो उपलब्धि यही हो भन्ने मलाई लाग्छ । यसले पाठकलाई आफूभित्र हेर्न बाध्य बनाउँछ । जिन्दगीलाई तन्तनी पिउन मन लाग्ने क्षणदेखि लिएर मृत्यु यात्राको साक्षीसम्म, मैले जीवनलाई सम्पूर्ण रूपमा अङ्गालेको छु । मेरो मनको दाबी छ- ‘इन्द्रेणी सौन्दर्य’ नेपाली निबन्ध साहित्यमा संवेदनशीलता, सौन्दर्य र आत्मीयताको सुन्दर उदाहरण हो । यहाँ शब्दभन्दा अनुभूति ठूलो छ । त्यसैले ती अनुभूतिको आलेखमा अवतरित भएका छन् । नेपाली निबन्ध साहित्य अनुभूति, संवेदना र जीवनबोधको सूक्ष्म अभिव्यक्ति हो । यसै परम्परामा मेरो लेखन निबन्ध सङ्ग्रह ‘इन्द्रेणी सौन्दर्य’ को समग्र सँगालो लिएर आएको छ । यसमा संवेदनशील, सौन्दर्यपूर्ण र दीर्घकालीन पठनीय खुराक पाठकले पाउने कुरामा म आशावादी छु । जीवन, प्रकृति, सम्बन्ध र मानवीय अनुभूतिका विविध आयामहरूलाई सरल भाषामा प्रस्तुत गर्नु मेरो लेखन कर्म हो । यस सङ्ग्रहका निबन्धहरूले उपदेशभन्दा अनुभूतिलाई, आग्रहभन्दा आत्मीय संवादलाई प्राथमिकता दिएका छन् । यही कारणले यी रचनाहरू पाठकसँग सहजै सम्बन्ध गाँस्न सफल हुनेछन् भन्ने मेरो लेखकीय विश्वास रहेको छ । मेरो निरन्तर सिर्जनशील यात्राले यहाँ परिपक्व र दृष्टिको विस्तार प्राप्त गर्ने अभ्यासमा आफूलाई अभ्यस्त राखिरहेको अनुभूति मलाई हुन्छ । नेपाली निबन्ध साहित्यका पाठकहरूका लागि ‘इन्द्रेणी सौन्दर्य’ एक अर्थपूर्ण र पाठकीय मनलाई तृप्त पार्ने कृति बन्ने कुरामा म ढुक्क र विश्वस्त पनि छु ।

*-साहित्यपोस्ट डटकम*

# कृषि उत्पादन बढाउन बगनासकालीमा कृषि मेला



**पाल्पा,** फागुन १३/ जिल्लाको बगनासकाली गाउँपालिकाले गाउँपालिकास्तरीय कृषि मेला प्रदर्शनी गरेको छ । उसले कृषकहरूलाई व्यावसायिक उत्पादनतर्फ प्रोत्साहित गर्ने, स्थानीय रैथाने बालीको संरक्षण गर्ने र कृषकको मेहनतलाई सम्मान गर्ने उद्देश्यले कृषि मेला गरेको हो ।

मेलाम गाउँपालिकाका विभिन्न वडाबाट कृषकहरूले उत्साहजनक सहभागिता जनाएका थिए । प्रदर्शनीमा सहभागी कृषकहरूमध्ये विभिन्न विधामा उत्कृष्ट ठहरिएका २१ जना कृषकहरूलाई नगद र प्रमाणपत्रसहित पुरस्कृत गरिएको थियो । तरकारी विधामा खानीगाउँका पूर्ण मिधुनको फर्सी प्रथम, दर्लामडाडाका कृषक खिमानन्द भट्टराइको बन्दा द्वितीय, चिरर्तुङ्धाराका कृषक भक्तमाया चिदीको मुला तृतीय र बराङ्दीकी लुमकला घिमिरेको कुरिलोले सान्तवना पुरस्कार हात पारेको छ । फलफूल विधातर्फ बराङ्दीकी राधा बस्यालको केरा प्रथम, ओम बहादुर सारुको भुईकटहर द्वितीय, यम्घाका हिरालाल बस्यालको अमिलो तृतीय र खानीगाउँका डिला खाम्चाको एभोकार्डले सान्तवना पुरस्कार हात पारेको छन् । खाद्यान्न, दलहन तथा तेलहन विधा अन्तरगत चिरर्तुङ्धाराका कृषक रिता चिदीको मकै प्रथम, खानीगाउँकी कृषक बालकुमारी ठाडाको जौ द्वितीय ,कृषक तोरीमा मित्रलाल बस्यालको तोरी तृतीय र चिरर्तुङधाराका कृषक तारा बहादुर सिंजालीको धानले सान्तवना पुरस्कार हात पारेको छ । यस्तै मसला तथा नगदे बाली विधातर्फ चापपानीका कृष यज्ञ प्रसाद बस्यालको अदुवा प्रथम, सोही स्थानकै दिलकुमारी थापाको बेसार दितिय, कृष खुमानन्द पाठकको कफी तृतीय र चिरर्तुङधाराका जानुका रेश्मीको धनियाले सान्तवना पुरस्कार हात पारेको छ । स्थानीय रैथाने तथा विविध अन्तरगत दुई जना कृषकको उत्पादन प्रथम भएको छ जसमा बराङ्दीकी राधिका बस्यालको पिँडालु र खानीगाउँ भिषण अधिकारीको तरुल प्रथम ,बराङ्दीकी भविन्द्र बस्यालको फूल द्धितिय, खानीगाउँकी वेदकला गौतमको गहते सिमी तृतिय र चापपानीका शिव कुमार मल्लको च्याउँले सान्तवना पुरस्कार पाएको छ । विजेता कृषकहरूलाई विधागत रूपमा प्रथम हुनेलाई ४ हजार, द्वितीयलाई ३ हजार, तृतीयलाई २ हजार र सान्त्वना पुरस्कार स्वरूप १ हजार रुपैयाँ नगद प्रदान गरिएको थियो । प्रदर्शनीले स्थानीयस्तरमा लुकेर रहेका कृषि उत्पादनलाई बाहिर ल्याउन र कृषकहरूलाई आत्मनिर्भर बन्न थप प्रेरणा दिएको गाउँपालिका अध्यक्ष सरस्वती चिदी दर्लामीले बातइन् । प्रदर्शनी केवल उत्सव मात्र होइन, कृषकहरूको पसिनाको सम्मान र उत्पादनलाई बजारसँग जोड्ने थलो भएको अध्यक्ष चिदीले बताईन । उपाध्यक्ष हरि प्रसाद पाठकले प्रदर्शनी तथा कृषि मेलाले कृषकहरूबीच स्वस्थ प्रतिस्पर्धाको विकास गर्ने र एक(अर्काको प्रविधि सिकेर उत्पादन विविधीकरणमा सहयोग पुग्ने बताए । प्रमुख प्रशासकीय अधिकृत प्रकाश पाण्डेले पालिकाले कृषि आधुनिकीकरणका लागि सिँचाइ र उन्नत बिउबिजनमा लगानी बढाएको बताउँदै प्रदर्शनीबाट प्राप्त तथ्यांकका आगामी बजेटका प्राथमिकता तय गरिने बताए । कृषि शाखा प्रमुख किशोर खत्रीले निर्वाहमुखी कृषिलाई व्यावसायिक बनाउन पालिकाले प्राविधिक सहयोग, माटो परीक्षण र रोग नियन्त्रणका कार्यक्रमलाई थप प्रभावकारी बनाउने प्रतिबद्धता जनाए । प्रदर्शनीमा तरकारी, फलफूल, खाद्यान्न, दलहन तथा तेलहन, मसला तथा नगदे बाली र स्थानीय रैथाने गरी पाँच मुख्य विधामा २७० वटा कृषिजन्य वस्तुहरू राखिएको गाउँपालिकाका कृषि प्राविधिक खिमराज कोईरालाले जानकारी दिए ।

## खेलकुद समाचार

### सेमिफाइनलमा पाकिस्तान २ विकेटले पराजित



**काठमाडौं,** फागुन १३/आईसीसी टी-२० विश्वकपको सुपर-एट खेलमा पाकिस्तानलाई हराउँदै इंग्ल्यान्ड सेमिफाइनलमा पुगेको छ । यो विश्वकपमा सेमिफाइनलमा पुग्ने इंग्ल्यान्ड पहिलो टोलि बनेको छ । श्रीलंकाको पल्लेकेलेमा हिजो भएको खेलमा इंग्ल्यान्डले पाकिस्तानलाई २ विकेटले हराउँदै एक खेल अगावै सेमिफाइनलमा पुगेको हो । पाकिस्तानले दिएको १ सय ६५ रनको लक्ष्य इंग्ल्यान्डले ५ बल बाँकी छुँदा ८ विकेट गुमाएर भेट्टायो । इङ्ल्याण्डका कप्तान ह्यारी ब्रूकले ५१ बलमा एक सय रन बनाए । पाकिस्तानका शाहीन अफ्रिदीले ४ विकेट लिए । त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको पाकिस्तानले २० ओभरमा ९ विकेट गुमाएर १ सय ६४ रन बनाएको थियो । ओपनर शाहिबजादा फरहानले अर्धशतकसहित सर्वाधिक ६३ रन बनाए ।

## अर्थ/कर्पोरेट समाचार

### नेप्से दोहोरो अङ्कले बढ्यो




**पाल्पा,** फागुन १३/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक बुधबार १० दशमलव ३० अंकले बढेर दुई हजार ६४८ दशमलव ९० विन्दुमा कायम भएको छ ।

बुधबार ३३३ कम्पनीको एक करोड चार लाख ५६ हजार ९८० कित्ता शेयर ४८ हजार ६४० पटक खरिदबिक्री हुँदा रु चार अर्ब ४५ करोड ११ लाख ४९ हजार ८० बराबरको कारोबार भएको छ । कारोबारमा वित्त समूह शून्य दशमलव २८, म्युचुअल फन्ड शून्य दशमलव ०२ र व्यापार समूह शून्य दशमलव ०.८९ प्रतिशतले घटेको छ भने अन्य सबै समूहका उपसूचक बढेका छन् । बैंकिङ समूह शून्य दशमलव २२, विकास बैंक शून्य दशमलव २१, होटल तथा पर्यटन शून्य दशमलव ४७, जलविद्युत् शून्य दशमलव ३९, लगानी शून्य दशमलव ३०, जीवन बिमा एक दशमलव ७९, उत्पादन तथा प्रशोधन शून्य दशमलव ८३, लघुवित्त शून्य दशमलव १५, निर्जीवन बिमा शून्य दशमलव १९ र अन्य समूह शून्य दशमलव ३५ अङ्कले बढेको छ । बुधबारको कारोबारमा सलपा विकास बैंक लिमिटेड र रिलायन्स स्पिनिङ मिल्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा हिमालयन पावर पार्टनर लिमिटेडको शेयर मूल्य पाँच दशमलव ९८ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा बुधबार सबैभन्दा धेरै आँखुखोला जलविद्युत् कम्पनी लिमिटेडको रु २८ करोड ६९ लाख १९ हजार २७५ बराबरको आठ लाख तीन हजार ६१० कित्ता शेयर किनबेच भएको नेप्सेले जनाएको छ ।

# नेपाली काँग्रेस पाल्पाको ...

...निवर्तमान जिल्ला सभापती विर बहादुर रानाले पाल्पाको दुई वटै निर्वाचन क्षेत्रमा जेन जी को भावना बुझ्ने, कुनै पनि दाग नलागेका स्वच्छ छवी बनाएका सामाजिक राजनितक सेवामा लामो समय देखी सक्रिय युवा उम्मेरवार हिमालदत्त श्रेष्ठ र सन्दीप रानालाई जनताले यस पटक विजयी बनाउने विश्वास लिएको बताए । कार्यवाहक सभापति झपेन्द्र गहिरेको सभापतित्व, सचिव सुनिता अधिकारीले सञ्चालनमा घोषणापत्र सार्वजनिक गरिएको थियो ।

**पूर्वी पाल्पाको मुहार पर्ने राना संकल्प :**

यस्तै नेपाली कांग्रेस पाल्पा क्षेत्र नं. १ का उम्मेदवार सन्दीप रानाले पूर्वी पाल्पामा एउटै पार्टीको नेतृत्व रहँदा पनि माटो र जनजीवन सुहाउँदो विकास हुन नसकेको आरोप लगाएका छन् । आगामी फागुन २१ गते हुने निर्वाचनको सिलसिलामा रम्भाको साठी बजारमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा उम्मेदवार रानाले यसपटक जनताले नेपाली काँग्रेसलाई १० हजारभन्दा बढी मतान्तरले विजयी गराउने दावी गरे । ३७ वटा वडामा घरदैलो सम्पन्न गरिसकेका रानाले सोही अवसरमा आफ्नो विस्तृत संकल्प र प्रतिज्ञापत्र पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरे । रानाले पाल्पा क्षेत्र नं. १ को पौराणिक महत्वको कालीगण्डकी उपत्यका क्षेत्रलाई वैदिक स्मार्ट सिटी बनाउँदै धार्मिक पर्यटनको केन्द्र बनाउने, दर्छा, सिलुवा, पिलुवा, सहलकोट, सुकेकोट, विरकोट, मोहरिया, बाकुमगढी र माथागढी जस्ता स्थलहरूलाई ऐतिहासिक गौरव पर्यटन क्षेत्रको रूपमा प्रवर्द्धन गरिने र निस्दी, पूर्वखोला, रम्भा र माथागढीलाई सांस्कृतिक पर्यटकीय केन्द्र बनाइने संकल्प प्रस्तावमा उल्लेख गरेका छन् ।रानाले सीताकुण्ड, रामघाट, रामचुलो, टापुधाम, रम्भादेवी, सिद्धबाबा, सत्यवती मन्दिर, मित्याल, रिमिघा लेक, काउलेडाँडा र रानीवास लगायतका दर्जनौं धार्मिक तथा प्राकृतिक स्थलहरूलाई आधुनिक पर्यटनमैत्री पूर्वधारको विकास गर्ने प्रतिज्ञापत्रमा उल्लेख गरेका छन् । आर्यभञ्ज्याङ-हुमिन-ताँहु-विरकोट-जक्कादी-सिलुवा-वेलडाँडा हुँदै रामपुरसम्मको सडकलाई कालोपत्रे गर्ने, सांस्कृतिक पर्यटन रिङरोड ,बाँसटारी-कसेनी-रूप्से-देउगिर-रहवास-बहादुरपुर-जल्पा -साठिकोल-पूर्वखोला-ज्यामिरे-मित्याल-मोहरिया हुँदै कालीगण्डकी करिडोर जोड्ने सडक, दुर्तमार्ग तराई र पहाड जोड्ने गरी अरुणखोला-जलुके-मित्याल-बेलडाँडा खण्डलाई स्तरवृद्धि गर्ने, गौरव पदयात्रा केलादीदेखि रूपन्देहीको जितगढीसम्म ऐतिहासिक पैदल मार्ग निर्माण गर्ने संकल्पपत्रका उम्मेदवार रानाले उल्लेख गरेका छन् । कृषि उत्पादन बढाउन रामपुरफाँट सिँचाइ नहर, हुँगी असेंदीको आँधिखोला जलविद्युत आयोजनाको सिँचाइ स्तरउन्नति, गल्धाफाँट, भडेवा र निस्दी धिर्जे लगायतका क्षेत्रमा सिँचाइ आयोजनाहरू तत्काल अगाडि बढाउने उम्मेदवार रानाले प्रतिवद्धता गरेका छन् । आगामी ३ वर्षभित्र क्षेत्रका सबै बस्तीमा अनिवार्य केन्द्रीय प्रसारण लाइन पुऱ्याई उज्यालो पाल्पा बनाउने रहेको छ । उम्मेदवार रानाले शिक्षा क्षेत्रलाई गुणस्तरीय र रोजगारमूलक बनाउन माटो सुहाउँदो संस्कार सहितको शिक्षाको नीति अघि सारेका छन् । कक्षा १२ सम्मको अध्ययनलाई पूर्ण रूपमा नि:शुल्क बनाउन नीतिगत पहल गर्ने,छोरीहरूलाई प्रोत्साहन गर्न पाल्पाा क्षेत्र नं. १ का छात्राहरुलाई नि:शुल्क रुपमा पिएचडी सम्मको अध्ययनको व्यवस्था मिलाउने, कालीगण्डकी क्षेत्रमा डिजिटल युगको आवश्यकतालाई मध्यनजर गर्दै अन्तर्राष्ट्रियस्तरको आई टि कलेज स्थापना गर्ने, सीपमूलक र संस्कारयुक्त पाठ्यक्रममा जोड दिने संकल्प पत्रमा उम्मेदवार रानाले उल्लेख गरेका छन् । कार्यक्रममा नेपाली काँग्रेसका समानुपातिक उम्मेदवार कृष्ण प्रसाद अधिकारी, रम्भा गाउँपालिकाका पार्टी सभापती ऋषिराम अर्याल, क्षेत्रिय सभापति झमन राजमगरले पाल्पाा क्षेत्र नं. १ मा नेपाली काँग्रेसको जित सुनिश्चित भईसकेको दावी गरे । नेपाली काँग्रेस पाल्पा क्षेत्र न: १ निर्वाचन प्रचार-प्रसार समितिका सदस्य ओम प्रकाश बस्यालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई